# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, साउन २९ गते २०४४ साल (अतिरिक्ताङ्क २१ (अ)

## भाग २

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४४ सालको ऐन नं. ४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्**

मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐन (संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. गाउँ पञ्चायत ऐन, २०१८ मा संशोधनः गाउँ पञ्चायत ऐन, २०१८ को,–

(१) दफा ३ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः–

"(६) गाउँ सभाका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुस मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।"

(२) दफा ३ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः–

"(६क) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ सभाको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ । यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ।"

(३) दफा १२ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः–

"(१०) गाउँ पञ्चायतका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुस मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।"

(४) दफा १२ को उपदफा (१०) पछि देहायको उपदफा (१०क) थपिएको छः–

"(१०क) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ पञ्चायतको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको लागि स्थानीय


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ। यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ।"

(५) दफा १२क. मा रहेको "दफा ३ को उपदफा (६) र दफा १२ को उपदफा (१०) बमोजिम आदेश जारी भएको अवस्थामा बाहेक" भन्ने वाक्यांश झिकिएको छ।

(६) दफा १४ख. को सट्टा देहायको दफा १४ख. राखिएको छः–

"१४ख. प्रधानपञ्च र उप-प्रधानपञ्चको पद रिक्त हुनेः

(१) गाउँ पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च माथिल्लो तहको पञ्चायतको कुनै पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ। त्यसरी पद रिक्त भए तापनि निजले सो निर्वाचनमा मतदान गर्न पाउनेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "उम्मेदवार" भन्नाले प्रचलित कानूनबमोजिम निर्वाचन अधिकृतले प्रकाशित गरेको उम्मेवारको अन्तिम नामावलीमा कायम भएको उम्मेदवार सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम रिक्त हुने पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम उप-निर्वाचनद्वारा गरिनेछ।"

३. नगर पञ्चायत ऐन, २०१९ मा संशोधनः नगर पञ्चायत ऐन, २०१९ को,–

(१) दफा ३ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः–

"(६) नगर सभाको सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुस मसान्तमा पदावधि समाप्त भएको मानिनेछ।"

(२) दफा ३ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः–

"(६क) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर सभाको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०५

लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ । यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ ।"

(३) दफा ९ को उपदफा (११) को सट्टा देहायको उपदफा (११) राखिएको छः–

"(११) नगर पञ्चायतका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननवाई प्रत्येक पाँचौं वर्षको पुस मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।"

(४) दफा ९ को उपदफा (११) पछि देहायको उपदफा (११क) थपिएको छः–

"(११क) उपदफा (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर पञ्चायतको सदस्यको पदावधि सो सदस्य पद पूर्तिको लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ । यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ ।"

(५) दफा ९क. मा रहेको "दफा ३ को उपदफा (६) र दफा ९ को उपदफा (११) बमोजिम आदेश जारी भएको अवस्थामा बाहेक" भन्ने वाक्यांश झिकिएको छ ।

(६) दफा ११क. पछि देहायको दफा ११ख. थपिएको छः–

"११ख. प्रधानपञ्च र उप-प्रधानपञ्चको पद रिक्त हुनेः

(१) नगर पञ्चायतको प्रधानपञ्च र उप-प्रधानपञ्च माथिल्लो तहको पञ्चायतको कुनै पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ । त्यसरी पद रिक्त भए तापनि निजले सो निर्वाचनमा मतदान गर्न पाउनेछ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "उम्मेदवार"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्नाले प्रचलित कानूनबमोजिम निर्वाचन अधिकृतले प्रकाशित गरेको उम्मेदवारको अन्तिम नामावलीमा कायम भएको उम्मेदवार सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम रिक्त हुने पदको पूर्ति कानूनमा व्यवस्था भएबमोजिम उप-निर्वाचनद्वारा गरिनेछ ।"

४. जिल्ला पञ्चायत ऐन, २०१९ मा संशोधनः जिल्ला पञ्चायत ऐन, २०१९ को,–

(१) दफा १५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) जिल्ला पञ्चायतका सदस्यको पदावधि गणना गर्दा पदावधि समाप्त हुने सालपछिको वैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि ननघाई प्रत्येक पाँचौं वर्षको पुस मसान्तमा पदावधि समाप्त भएको मानिनेछ ।"

(२) दफा १५ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः–

"(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला पञ्चायतको सदस्यको पदावधि सो सदस्य पदको पूर्तिको लागि स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम निर्वाचनको सूचना प्रकाशित नभएसम्म कायम रहने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ । यसरी आदेश जारी गरी पदावधि बढाएको अवस्थामा पनि निर्वाचनको प्रयोजनको लागि सो सदस्यको पदावधि समाप्त हुने गणना गर्दा निर्धारित समयमा नै पदावधि समाप्त भएको मानी गणना गरिनेछ ।

तर त्यसरी पदावधि बढाइएको अवस्थामा पनि श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै जिल्ला पञ्चायतका सदस्यहरूको पदावधि बीचैमा समाप्त गर्न सक्नेछ ।"

(३) दफा १५क. मा रहेको "दफा १५ को उपदफा (३) बमोजिम आदेश जारी भएको अवस्थामा बाहेक" भन्ने वाक्यांश झिकिएको छ ।

(४) दफा १६क. को उपदफा (१) मा रहेको "सभापति, उपसभापति वा" भन्ने शब्दहरू झिकिएका छन् ।

(५) परिच्छेद ४ मा दफा १६क. पछि देहायको दफा १६ख. थपिएको छ :–

"१६ख. सभापति र उपसभापतिको पद रिक्त हुनेः

(१) जिल्ला पञ्चायतका सभापति र उप-सभापति राष्ट्रिय पञ्चायतको सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०७

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "उम्मेदवार" भन्नाले प्रचलित कानूनबमोजिम निर्वाचन अधिकृतले प्रकाशित गरेको उम्मेदवारको अन्तिम नामावलीमा कायम भएको उम्मेदवार सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम रिक्त हुने पदको पूर्ति कानूनमा व्यवस्था भएबमोजिम उप-निर्वाचनद्वारा गरिने छ ।"

५. स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ मा संशोधनः स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को,–

(१) दफा ३क. को उपदफा (१) मा रहेको "पदावधि समाप्त हुने वर्षमा हुनेछ" भन्ने शब्दहरूको सट्टा "पदावधि समाप्त भएपछि हुनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ३ख. को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) प्रचलित कानूनबमोजिम पदावधि समाप्त हुने भई निर्वाचन गराउनु पर्ने अवस्थामा निर्वाचन आयोगले त्यस्तो पदावधि समाप्त हुनु अगावैदेखि निर्वाचनसम्बन्धी प्रारम्भिक कार्यवाही गर्न सक्नेछ ।

तर पदावधि समाप्त नभई मतदानको काम हुनेछैन ।"

६. वर्गीय संगठन ऐन, २०३६ मा संशोधनः वर्गीय संगठन ऐन, २०३६ को,–

(१) दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "मजदूर" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको कुनै उद्योग, मील वा कारखानामा शारीरिक श्रमले काम गर्ने व्यक्ति वा जुनसुकै प्रकारको यातायातको साधन चलाउने चालक, कण्डक्टर वा खलासी वा शारीरिक श्रम गरी ज्याला, मजुरी वा पारिश्रमिक लिई मजदूरी पेशा गर्ने व्यक्ति सम्झनु पर्छ ।"

(२) दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :–

"८क. कार्य समितिको पदाधिकारीको पद रिक्त हुनेः

(१) संगठनको कुनै तहको कार्य समितिको कुनै पदाधिकारी माथिल्लो तहको कार्य समितिको कुनै पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसरी पद रिक्त भए तापनि निजले सो निर्वाचनमा मतदान गर्न पाउनेछ ।

(२) संगठनको कुनै कार्य समितिको पदाधिकारी राष्ट्रिय पञ्चायतको सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा निजको पद रिक्त हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि "पदाधिकारी" भन्नाले कार्य समितिको सभापति, उप-सभापति, सचिव, सह-सचिव र कोषाध्यक्ष सम्झनुपर्छ ।

(४) यस दफाको प्रयोजनको लागि "उम्मेदवार" भन्नाले प्रचलित कानूनबमोजिम निर्वाचन अधिकृतले प्रकाशित गरेको उम्मेदवारको अन्तिम नामावलीमा कायम भएको उम्मेदवार सम्झनुपर्छ ।

(५) उपदफा (१) वा (२) बमोजिम रिक्त हुने पदको पूर्ति तोकिएबमोजिम हुनेछ ।"

७. स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०४३ निष्क्रिय भएपछि त्यसको परिणाम: स्थानीय पञ्चायतसम्बन्धी केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०४३ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउनेछैन ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्नेछैन।

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्नेछैन ।

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्नेछैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०४४।४।२६।६

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



६०५